प्रति साधारण शेयर रु.१००/- अंकित दरको
३१,६६,६७७.६३ कित्ता हकप्रद शेयरहरुको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रु. १००/- प्रति शेयरको दरले

कम्पनी ऐन २०६३ तथा बीमा ऐन २०४९ अन्तर्गत संस्थापित

प्रभु इन्स्योरेन्स लिमिटेड

केन्द्रीय कार्यालय : तीनकुने, काठमाण्डौं नेपाल,
फोन नं.: ५१९९२२०, ५१९९२२६, फ्याक्स नं. :५१९९२४७
Email : info@prabhuinsurance.com, URL:www.prabhuinsurance.com

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:
निष्काशन खुल्ला मिति : २०७५/०३/०८ गते
निष्काशन बन्द हुने मिति : २०७५/०४/१० गते
(बैकिङ्ग समय पश्चात)

को

१ कित्ता साधारण शेयर बराबर नयाँ ०.४६ कित्ता साधारण शेयरको

हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

विद्यमान चुक्ता पूँजी रु.६८,८४,०८,१८१/- को एक शेयर बराबर नयाँ शून्य दशमलव चार छ शेयर (१ : ०.४६) (अर्थात विद्यमान १ कित्ता शेयर बराबर नयाँ ०.४६ कित्ता साधारण शेयर) को अनुपातमा साविक शेयरधनीहरुको लागि रु. ३१,६६,६७,७६३/- बराबरको प्रति शेयर रु. १००/- अंकित दरका ३१,६६,६७७.६३ कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

नेपाल धितोपत्र बोर्डबाट "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत मिति २०७५/०१/२७

क. संगठित संस्थाको नाम : प्रभु इन्स्योरेन्स लिमिटेड (Prabhu Insurance Limited)

ख. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस कम्पनीको रजिष्टर्ड कार्यालय बागमती अञ्चल, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं ३२ तीनकुने, काठमाण्डौंमा रहेको छ ।

ग. कारोबार स्थान:

यस कम्पनीको कारोबार गर्ने स्थान बागमतीअञ्चल, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिकामा रहेको छ र आवश्यकता अनुसार बिमा समितिको स्वीकृति लिई शाखा खोली कारोबार गर्न सक्नेछ । हाल सञ्चालनमा रहेका शाखा कार्यालयहरु तपसिल बमोजिम रहेका छन् ।

अन्य शाखा कार्यालय :

नयाँ सडक, काठमाण्डौ
कुमारीपाटी, ललितपुर
तिनदोवाटो,बनेपा
सभागृह चोक,पोखरा
पाल्पारोड, बुटवल
पुलचोक, नारायणगढ
जलजला हल लाइन,विराटनगर
आर्दशनगर, वीरगञ्ज
बैंक रोड, हेटौडा
धम्बोजी, नेपालगंज
तुलसीपुर, दाङ
पुर्वलाइन, इटहरी
चौराहा धनगढी
न्यूरोड, बेनी, म्याग्दी
पुथान ऐरपोट, जोमसोम मुस्ताङ्ग
आवारोड, बाग्लुङ्ग
तम्घास, गुल्मी
वालिङ, स्याङजा
स्टेशनरोड शिवचोक, जनकपुर
लहान, सिराहा
चरिकोट, दोलखा
बिर्तामोड, झापा
गोगंबु, काठमाडौं
चावहिल, काठमाडौं

घ. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

संक्षिप्त परिचय :

प्रभु इन्स्योरेन्स लिमिटेड प्रचलित कम्पनी ऐन, २०६३ बमोजिम २०५२ साल आषाढ १८ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । कम्पनीले बीमासमितिबाट बीमा ऐन, २०४९ को दफा १० को उपदफा (३) तथा बीमा नियमावली, २०४९ को नियम ८ को उपनियम (१) बमोजिम बीमकको रुपमा बीमा व्यवसाय गर्न पाउने स्वीकृति मिति २०५३ श्रावण १ गते प्राप्त गरी मिति २०५३ श्रावण १७ गते देखि आफ्नो कारोवार प्रारम्भ गरेको हो । कम्पनीका संस्थापकहरुमा औद्योगिक, बैंकिङ्ग, रेमिट्यान्स, इन्स्योरेन्स, जलबिद्युत, ट्रेडिङ्ग, उड्डयन एवं पर्यटन क्षेत्रमा लामो समयदेखि आवद्ध रहेका तथा अनुभव हासिल गरेका देशका ख्यातिप्राप्त व्यक्तित्व/संस्थाहरु रहेका छन् ।

उद्देश्यहरु :

कम्पनीको प्रबन्धपत्रको दफा ३ तथा नियमावलीको नियम ३ मा उल्लेख गरिए बमोजिम प्रचलित ऐन कानुनको अधिनमा रही स्वीकृति लिनुपर्नेमा स्वीकृति लिई देहाय अनुसारको कार्य गर्ने कम्पनीको उदेश्य रहेको छ ।

(क) सबै किसिमको निर्जिवन बीमा तथा पुर्नबीमा सम्बन्धी सबै किसिमको काम गर्ने गराउने ।
(ख) स्वदेशी तथा विदेशी कम्पनीहरुसँग मिली संयुक्त वा छुट्टाछुट्टै सबै किसिमको बीमा व्यवसाय गर्ने गराउने ।
(ग) बीमा व्यवसाय संचालन गर्नको लागि देशको बिभिन्न भागमा तथा बिदेशमा शाखा, उपशाखा कार्यालयहरुको स्थापना गर्ने गराउने ।
(घ) स्वदेश तथा विदेशमा बीमा, पुनर्विमा (ब्रोकर) तथा दावी निर्धारणकर्ता, फर्छ्यौटकर्ता नियुक्त गर्ने गराउने ।
(ङ) पुनर्बीमा व्यवसायको लागि स्वदेशी तथा विदेशी बीमा कम्पनीहरुको प्रतिनिधी, अभिकर्ता, ब्रोकर (दलाल) भई काम गर्ने तथा गर्न लगाउने ।
(च) बीमा, पुनर्विमा, व्यवसायको लागी आवश्यक बीमा जगेडा कोषको व्यवस्था गर्ने ।
(छ) कम्पनीको जायजेथा मर्मत सुधार वा दायित्व पूर्ति एवम् कम्पनीको हित र सुरक्षाको लागि समेत ह्रासकोष, जगेडा कोष, मर्मत संभार कोष, कर्मचारी संचयकोष, कर्मचारी कल्याण कोष, चन्दा तथा उपहार कोष, उपदान कोष आदि खडा गर्ने र त्यस्तो कोषमा रकम जम्मा गर्ने ।
(ज) प्रचलित कानुनको अधिनमा रही कम्पनीबाट बैंक, कम्पनी तथा वित्तीय संस्थाहरुको शेयर तथा डिवेञ्चरहरु खरीद गर्ने, कम्पनीले उचित तथा आवश्यक देखेको उद्योगहरुमा लगानी गर्ने ।
(झ) कम्पनीको लागि आवश्यक पर्ने जग्गा जमिन, भवन, कार्यालय भवन, क्वार्टर, ग्यारेज, यातायात साधन, सवारी साधन आदिको खरीद गर्ने, निर्माण वा खडा गर्ने, भाडामा वा लिजमा लिने, संभार गर्ने, मर्मत गर्ने, भोग चलन गर्ने, रेखदेख वा नियन्त्रण गर्ने, आफुलाई आवश्यक नपरेमा लिजमा, भाडामा दिने, बिक्री आदि तरिकाबाट हक हस्तान्तरण गर्ने ।
(ञ) कम्पनी ऐनको अधिनमा रही कम्पनीले उचित ठहराएको आधार तथा तरिकाबाट कम्पनीको जायजेथा सबै वा आंशिक व्ययभार हुने गरी धितो राखी वा नराखी विभिन्न संघसंस्था वा अरु कुनै संस्था, कम्पनीबाट ऋण लिने वा उपहार आदि प्राप्त गर्ने ।
(ट) कम्पनीको नाममा बैंकहरुमा खाता खोल्ने, सञ्चालन गर्ने, प्रोमिशरी नोट, बिल अफ एक्सचेञ्च, बैंक ड्राफ्ट, हुण्डी र अन्य नेगोशियबल तथा ट्रान्सफोरेबल बिलहरु जारी गर्ने वा स्वीकार गर्ने ।
(ठ) कम्पनीको काम कारोबारका सम्बन्धमा आवश्यक परेको खण्डमा मुद्दा मामिला दायर गर्ने, प्रतिरक्षा गर्ने तथा मध्यस्थलबाट मिलापत्र गर्ने ।
(ड) कम्पनी वा कम्पनीको कामदार कर्मचारीको हीतलाई ध्यानमा राखी कुनै धार्मिक, सार्वजनिक, परोपकारी, शैक्षिक आदि संस्था वा क्लबलाई आर्थिक सहयोग तथा संरक्षण दिने र कम्पनीका कर्मचारीहरुलाई समेत सहयोग गर्ने र तिनिहरुको आर्थिक श्रोतलाई ध्यानमा राखी सञ्चय कोष वा अन्य उचित देखिएको सुविधाको व्यवस्था मिलाउने ।

ङ. शेयर पुंजीको संरचना :

क) अधिकृत पुंजी : यस कम्पनीको अधिकृत पुंजी रु.१,५००,०००,०००/– (अक्षरेपी एक अर्ब पचास करोड मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/-का दरले जम्मा १,५०,००,००० (एक करोड पचास लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) जारी पुंजी : यस कम्पनीको जारी पुंजी रु.१,००,५०,७६,०००/– (अक्षरेपी एक अर्ब पचास लाख छैहत्तर हजार मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/-का दरले जम्मा १,००,५०,७६० (एक करोड पचास हजार सात सय साठ्ी) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

ग) चुक्ता पुंजी : हाल यस कम्पनीका चुक्ता पुंजी रु.६८,८४,०८,१८१ /–(अक्षरेपी अठ्सठ्ी करोड चौरासी लाख आठ हजार एक सय एकासी मात्र) रहेको छ । जसलाई प्रति शेयर रु. १००/-का दरले जम्मा ६८,८४,०८१.८१ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात कम्पनीको चुक्ता पुंजी रु.१,००,५०,७५,९४४/- (अक्षरेपी एक अर्ब पचास लाख पचहत्तर हजार नौ सय चौवालीस मात्र) हुनेछ ।

च. हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने कम्पनीको चुक्ता पुंजी को संरचना :

शेयरधनीहरु	पूंजी संरचना (%)	शेयर संख्या	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
संस्थापक शेयरधनीहरु	३६	३६१७३६२.१८	३६,१७,३६,२१८/-	शत प्रतिशत
श्री कर्मचारी संचयकोष	१५	१५,०८,५२५.६६	१५,०८,५२,५६६/-	शत प्रतिशत
सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)	४९	४९,२४,८७१.६	४९,२४,८७,१६०/-	शत प्रतिशत
जम्मा	१००	१,००,५०,७५९.४४	१,००,५०,७५,९४४/-	शत प्रतिशत

छ. संचालकहरुको परिचय :

क्र.सं.	संचालकको नाम	पद	ठेगाना	शैक्षिक योग्यता	अनुभव
१.	श्री कुसुम लामा (संस्थापक शेयरधनी समूह "क")	अध्यक्ष	का.म.न.पा.-२, नक्साल, काठमाडौं	स्नातकोत्तर तह	अध्यक्ष-प्रभु म्यानेज्मेन्ट प्रा. लि (सन् २०१२ देखि हालसम्म), उपाध्यक्ष-प्रभु ग्रुप इन्क. युएसए (सन् २०१० देखि हालसम्म), उपाध्यक्ष-प्रभु मनी ट्रान्सफर नेपाल (सन् २००५ देखि हालसम्म), प्रमुख कार्यकारी अधिकृत-प्रभु मनी ट्रान्सफर भारत (सन् २०१३ देखि हालसम्म), संचालक (प्रभु टेक्नोलोजी (सन् २०१४ देखि हालसम्म), संचालक-प्रभु डिजिटल (प्रभु टिभी) (सन् २०१६ देखि हालसम्म)
२.	श्री राजेन्द्र मल्ल (सर्वसाधारण शेयरधनी समूह "ग")	संचालक	नयाँ बानेश्वर, काठमाडौं	बि.कम.	वरिष्ठ उपाध्यक्ष -नेपाल चेम्बर अफ कमर्स (१५ वर्षदेखि हालसम्म), कार्यकारी अध्यक्ष-एशियाटिक ईन्टरनेशनल टेडिङ प्रा.लि. (२५ वर्ष देखि हालसम्म), संचालक-मनाङ एयर प्रा. लि.(४ बर्षदेखि हालसम्म), संचालक-भक्तपुर इट्टा तथा टायल उद्योग प्रा. लि.(१७ वर्ष देखि हालसम्म), संचालक- मैलुङ्ग हाइड्रोपावर लि. (५ वर्षदेखि हालसम्म), संचालक-कान्तिपुर इञ्जिनियरिङ्ग कलेज (९ वर्ष देखि हालसम्म)
३.	श्री कृष्णबहादुर कुँवर (संस्थापक शेयरधनी समूह "क") (प्रतिनिधि नेपाल मनी रेमिट प्रा. लि.)	संचालक	का.म.न.पा.-१४ कलंकी, काठमाण्डौं	स्नातकोत्तर तह	पूर्व प्रमुख कार्यकारी अधिकृत-ज्योति विकास बैंक लि. (मे २०१४-जनवरी २०१८),पूर्व संचालक-ग्लोबल आइएमइ बैंक (सन् २००७-२०१४), केन्द्रिय कार्यालय, ग्रामिण विकास, त्रिभुवन वि.वि.Faculty Visiting Member (अगष्ट २००४-२०१४), विज्ञ - Government of Nepal, UNDP, ADB(सन् १९८७-२०१४), पूर्व नायव प्र.का.अ. -कृषि विकास बैंक (सन् १९७३-२००७)
४.	श्री अशोक खड्गी (संस्थापक शेयरधनी समूह "क") (प्रतिनिधि प्रभु बैंक लिमिटेड)	संचालक	का.म.न.पा.२८ बागबजार, काठमाडौं	स्नातकोत्तर तह	सहायक महाप्रबन्धक- प्रभु बैंक लि.(सन् २०१४ देखि हालसम्म), २० वर्षको बैंकिङ्ग अनुभव
५.	श्री जितेन्द्र धिताल (संस्थापक शेयरधनी समूह "ख") (प्रतिनिधि कर्मचारी संचयकोष)	संचालक	का.म.न.पा.-३५ सिनामंगल, काठमाण्डौं	स्नातकोत्तर तह, सि.ए. (आइ.सि.ए.आइ)	नायव मुख्य अधिकृत-कर्मचारी संचयकोष (सन् २००९ देखि हालसम्म)
६.	श्री रणकेशव प्रधान (सर्वसाधारण शेयरधनी समूह "ग")	संचालक	का.म.न.पा.-२६ सामाखुशी, काठमाडौं	स्नातकोत्तर तह	एक्जेक्युटिभ डाइरेक्टर् -आवर्स मल्टिपल कोअपरेटिभ लि. (२०६२ सालदेखि हालसम्म)
७.	श्री राज गोपाल राजभण्डारी (सर्वसाधारण शेयरधनी समूह "ग") (प्रतिनिधि नेपाल इन्भेष्टमेन्ट प्रा. लि.)	संचालक	का.म.न.पा.-२ गैरीधारा, काठमाण्डौं	स्नातक तह	महाप्रबन्धक- अल्पाईन कार्ड सर्भिस (२०७४ भाद्र देखि हालसम्म, नेपाल राष्ट्र बैंकमा ३६ वर्षको अनुभव तथा प्रभु बैंकमा १२ वर्षको अनुभव

नोट : एक जना स्वतन्त्र संचालक नियुक्त हुन बाँकी रहेको छ ।

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण:

नाम	पद	योग्यता	ठेगाना	अनुभव
श्री सन्चित बज्राचार्य	प्रमुख कार्यकारी अधिकृत	एम बी ए	जयबागेश्वरी, काठमाण्डौं	प्रभु इन्स्योरेन्स लिमिटेडमा ३ वर्षदेखि प्रमुख कार्यकारी अधिकृत, निर्जीवनबीमा क्षेत्रमा ९ वर्ष भन्दा बढि तथा सरकारी तथा अर्धसरकारी क्षेत्रमा गरी २३ वर्षको व्यवस्थापकीय अनुभव रहेको ।

ज. संचालक समितिको बनौट :

कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार ८ (आठ) जना संचालक सदस्य रहेको संचालक समिति देहाय बमोजिम गठन गरिएको छ ।

संस्थापक समुह "क" वर्गका शेयरधनीहरुबाट	३ (तीन) जना
संस्थापक समुह "ख" वर्गका शेयरधनीहरुबाट	१ (एक) जना
सर्वसाधारण समुह "ग" वर्गका शेयरधनीहरुबाट	३ (तीन) जना
स्वतन्त्र संचालक	१ (एक) जना
जम्मा	८ (आठ) जना

संचालकहरुको कार्यकाल ४ बर्षको हुनेछ ।

झ. निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :

यस ईन्स्योरेन्सको हाल कायम चुक्ता कुल साधारण शेयर संख्या ६८,८४,०८१.८१ कित्ताको एक शेयर बराबर शुन्य दशमलव चार छ शेयर (१ : ०.४६) को अनुपातमा (अर्थात् विद्यमान एक कित्ता साधारण शेयर बराबर नयाँ शुन्य दशमलव चार छ कित्ता साधारण शेयरका दरले) प्रति शेयर रु.१००/- का दरले जम्मा ३१,६६,६७७.६३ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

ञ. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्कासन गर्नु पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्म शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको १: ०.४६ (अर्थात विद्यमान एक शेयर बराबर नयाँ शुन्य दशमलव चार छ कित्ता साधारण शेयर) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम दरखास्तसाथ पेश गर्नु पर्नेछ । यदि कुनै साविक शेयरधनीले आफ्नो कायम हकभन्दा बढी शेयर खरिद गर्नको लागि आवेदन दिएमा सो बढी माग गरेको शेयरलाई बाँडफाँडमा समावेश गरिने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हकभन्दा कम शेयर खरिद गर्नको लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरिए बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

ट. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिको निर्णयबाट अत्यन्त पारदर्शी तवर (जस्तै लिलाम बढाबढ) को प्रकृयाद्वारा बिक्री वितरण गरिनेछ ।

ठ. हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने /नपाउने सम्बन्धी व्यवस्था :

यदि कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी खण्डित हकप्रद शेयरलाई माथिल्लो पुरा शेयरमा बाँडफाँट गर्दा यस हकप्रद निष्काशन मार्फत जारी गरिएका सम्पूर्ण शेयरका लागि आवेदन नपरी बाँकी रहन गएमा सो बाँकी शेयरबाट माथि उल्लेख गरिए अनुसारको खण्डित शेयर वापत माथिल्लो पुरा शेयरमा परिणत गर्न आवश्यक शेयर मिलान गरी बाँडफाँड गर्ने व्यवस्था गरिनेछ र यदि यसरी बाँडफाँड गर्दा कम्पनीको पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने र थप धितोपत्रहरु कम्पनीको बार्षिक साधारण सभाको निर्णयबाट बोर्डमा दर्ता गर्ने व्यवस्था मिलाइनेछ ।

ढ. संगठित संस्थाको विगतको तथा आगामी ३ बर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात रु. हजारमा

क.सं.	विवरण	वास्तविक				प्रक्षेपित		
		२०७१/०७२	२०७२/०७३	२०७३/०७४	२०७४ पौष मसान्तसम्ममा	२०७४/०७५	२०७५/०७६	२०७६/०७७
	श्रोत							
१	चूक्ता पुंजी	२९३,८११	३२९,०७३	५७७,५२४	६८८,४०८	१,००५,०७६	१,००५,०७६	१,००५,०७६
२	जगेडा तथा कोष	८१,९३१	१०४,०००	१४६,८८६	५०,७४४	३६,८४८	४०,८६३	३८,४००
३	बीमा कोष	१७३,४६०	२४८,१४६	३३०,५२४	३४६,९९५	४६७,४५४	६३८,४८१	८६३,८७८
४	महा-विपत्ती जगेडा कोष	२२,१४५	३७,०८२	५३,५५७	५५,२८७	६७,३५९	८५,६२४	१०८,८५६
५	तिर्न बाँकी दिर्घकालिन ऋण तथा सापटी	–	–	–	–	–	–	–
	कुल श्रोत	**५७१,३४७**	**७१८,३०१**	**१,१०८,४९१**	**१,१४१,४३४**	**१,५७६,७३७**	**१,७७०,०४४**	**२,०१६,२९०**
	उपयोग							
६	स्थिर सम्पत्ती (खूद)	१००,३४६	९७,८९६	९४,७७०	९३,३७६	१११,९१४	१३२,०७०	१६९,०६५
७	दीर्घकालिन लगानी	१८७,८०७	१७७,१२४	२१८,२४५	२५४,१५७	२५३,८८२	२८०,९८३	३०९,७०३
८	दीर्घकालिन कर्जा	–	–	–	–	–	–	–
	चालू सम्पत्ती कर्जा तथा पेश्कीहरु :							
९	नगद तथा बैंक मौज्दात	२५७,४३१	१६४,५३९	११८,२०९	१०७,४४०	१२७,६५३	११०,५०५	१३७,८५२
१०	अल्पकालिन लगानी	३५२,५८८	३२१,४४४	६९५,६९२	७७१,०१८	१,२७६,४०२	१,४६७,८६२	१,६८८,०४१
११	अल्पकालिन कर्जा	–	–	–	–	–	–	–
१२	अन्य सम्पत्ती	२२१,१४६	४७८,८४४	५४७,५८३	६६३,०२८	५८५,६८९	७३७,६३३	१,०६३,६५४
	जम्मा (क) (९+१०+११+१२)	**८३१,१६५**	**९६४,८२७**	**१,३६१,४८४**	**१,५४१,४८६**	**१,९८९,७४४**	**२,३१६,०००**	**२,८८९,५४८**
	चालू दायित्व तथा व्यवस्थाहरु :							
१३	चालू दायित्व	२२६,५२८	१२२,१४७	१५३,३३४	३७३,७१९	६२,८७२	७७,७२४	१०२,१८६
१४	असमाप्त जोखिम वापत व्यवस्था	१८३,९८६	२१९,११८	१९७,२३५	२३५,७७५	३६६,००३	४२८,६१८	६२०,२८२
१५	भूक्तानी हुन बाँकी दावी बापत व्यवस्था	६९,५३६	५२,२५२	५५,५८७	५५,६०६	६०,३६४	७१,०५२	१५०,९०५
१६	अन्य व्यवस्था	६७,९२१	१२७,९५०	१५९,८५२	८२,४८५	२८९,५६४	३८१,६१५	४७८,७३२
	जम्मा (ख) १३+१४+१५+१६)	**५४७,९७१**	**५२१,५४७**	**५६६,००९**	**७४७,५८५**	**७७८,८०२**	**९५९,००९**	**१,३५२,१०५**
१७	**खुद चालू सम्पत्ती (ग)=(क)-(ख)**	२८३,१९४	४४३,२८०	७९५,४७५	७९३,९०१	१,२१०,९४१	१,३५६,९९१	१,५३७,४४३
१८	अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु	–	–	–	–	–	–	–
१९	नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान	–	–	–	–	–	–	–
	कुल उपयोग (६+७+८+१७+१८+१९)	**५७१,३४७**	**७१८,३०१**	**१,१०८,४९१**	**१,१४१,४३४**	**१,५७६,७३७**	**१,७७०,०४४**	**२,०१६,२९०**

नाफा-नोक्सान हिसाब रु. हजारमा

क.सं.	विवरण	वास्तविक				प्रक्षेपित		
		२०७१/०७२	२०७२/०७३	२०७३/०७४	२०७४ पौष मसान्तसम्ममा	२०७४/०७५	२०७५/०७६	२०७६/०७७
	आम्दानी							
१	आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान)	८१,२००	२१२,८१३	२५७,६८५	२८,६३७	३८६,९९४	५२०,६२३	६८५,१३०
२	लगानी कर्जा तथा अन्यबाट आय	४९,३१९	२२,३३९	१९,०५७	३०,६१२	२८,८५०	४२,६२१	५३,३६६
३	व्यवस्था फिर्ता	२,४९६	४,४६६	–	–	–	–	–
४	अन्य आम्दानी	–	–	–	–	–	–	–
	जम्मा आम्दानी (क)	**१३३,०१५**	**२३९,६१८**	**२७६,७४२**	**५९,२४९**	**४१५,८४४**	**५६३,२४४**	**७३८,४९६**
	खर्च							
५	व्यवस्थापन खर्च	८,६९२	९,८४६	११,७६०	६,४६२	१२,९३६	१४,२८३	१५,८०५
६	अपलेखन खर्च	–	–	३०	–	–	–	–
७	शेयर सम्वन्धी खर्च	९६२	४१५	२,५४६	५२०	३,०००	१,०००	१,२००
८	अन्य खर्चहरु	–	–	–	–	–	–	–
९	नोक्सानीको लागि व्यवस्था	२,११६	४६	२५७	५००	–	–	–
१०	कर्मचारी आवास व्यवस्था	–	–	–	–	–	–	–
११	कर्मचारी बोनस व्यवस्था	११,०२२	२०,८४६	२३,८३२	४,७०६	३६,२५४	४९,८४३	६५,६६३
१२	**समायोजित आयकर (अ)=(आ)-(इ)**	**१४,२४८**	**५९,०९२**	**७३,५६१**	**१४,११८**	**११३,६१६**	**१५६,०६३**	**२०५,०३३**
	आ) आयकर	१५,१९१	६०,०१८	६९,९८५	१४,११८	१०८,७६१	१४९,५३०	१९६,९८९
	इ) स्थगन कर सम्पत्ती/(दायित्व)	(९४३)	(९२६)	३,५७७	–	४,८५५	६,५३३	८,०४४
	जम्मा खर्च (ख)	**३७,०४०**	**९०,२४५**	**१११,९८६**	**२६,३०६**	**१६५,८०६**	**२२१,१८९**	**२८७,७०१**
	खुद नाफा/(नोक्सान) (ग) = (क) - (ख)	**९५,९७५**	**१४९,३७३**	**१६४,७५६**	**३२,९४३**	**२५०,०३९**	**३४२,०५५**	**४५०,७९५**
१३	(क) बीमा कोषमा सारेको	४७,९८८	७४,६८६	८२,३७८	१६,४७१	१२५,०१९	१७१,०२७	२२५,३९७
	(ख) बीमा जगेडामा सारेको	–					–	–
१४	अघिल्लो बर्षसंग सम्बन्धित खर्च	१,४७७	५	१,४७१	–	–	–	–
१५	अघिल्लो बर्षबाट सारिएको नाफा/(नोक्सान)	३४८	१,०६१	१,५१९	८२२	८२२	११,४६०	६,५२४
	शेयर प्रिमियमबाट सारिएको रकम			४८,०१५				
१६	**बाँडफाँडको लागी उपलब्ध रकम**	**४६,८५८**	**७५,७४३**	**१३०,४४१**	**१७,२९४**	**१२५,८४२**	**१८२,४८८**	**२३१,९२२**
	क)स्थगन कर जगेडा	९४३	९२६	(३,५७७)	–	(४,८५५)	(६,५३३)	(८,०४४)
	ख) पुंजीगत जगेडा							
	ग) विशेष जगेडा	–		–			–	–
	घ) अन्य जगेडा (विवरण खुलाउने)	–		–			–	–
	ङ) प्रस्तावित लाभांश	–		–			–	–
	अ) बोनस शेयर	३५,२५७	५५,९४३	११०,८८४	–	–	–	–
	आ) नगद लाभांश	–	२,४१८	५,८३६	–	१११,०८७	१५८,६९६	२०१,०१५
	च) महा-विपत्ती जगेडा	९,५९७	१४,९३७	१६,४७६	१,७२९	१२,५२८	१८,२६५	२३,२३२
१७	**वासलातमा सारेको नाफा/(नोक्सान)**	**१,०६१**	**१,५१९**	**८२२**	**१५,५६५**	**७,०८२**	**१२,०५९**	**१५,७१८**

एकीकृत आय-व्यय हिसाब रु. हजारमा

क.सं.	विवरण	वास्तविक				प्रक्षेपित		
		२०७१/०७२	२०७२/०७३	२०७३/०७४	२०७४ पौष मसान्तसम्ममा	२०७४/०७५	२०७५/०७६	२०७६/०७७
	आय							
१	बीमा शूल्क (खुद)	३६५,५४६	४३५,८९३	३९१,५०१	१८१,३९७	७२५,३४३	८४०,३१९	१,२१२,५४८
२	पुनर्बीमा कमिशन आय	५७,८७३	७८,२३३	१२८,१४०	५५,७०३	१४४,६००	१६६,४३३	१९२,२६८
३	लगानी, कर्जा तथा अन्यबाट आय	४८,८६९	२२,१३३	१६,२९६	१०,२८८	२३,४२४	३३,१७४	५६,५३७
४	अन्य प्रत्यक्ष आय	–	–	–	–	–	–	–
५	आर्थिक बर्षको शुरुको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था	५१,०८८	६९,५३७	५२,२५२	५५,५८७	५५,५८७	६०,३६४	७१,०५२
६	आर्थिक बर्षको शुरुको असमाप्त जोखिम वापत व्यवस्था	१७२,८८४	१८२,७३४	२१७,७१३	१९५,०२०	१९५,०२०	३५७,२३१	४१३,८०८
	जम्मा आय (क)	**६९६,२६०**	**७८८,५३०**	**८०५,९०१**	**४९७,९९५**	**१,१४३,९७५**	**१,४५७,५२०**	**१,९४६,२१३**
७	**व्यय**							
८	दावी भुक्तानी (खुद)	२३०,१८०	१९५,०६१	१६५,६३७	१११,१८२	१८८,२०४	२८६,०७१	३२६,२५५
९	अभिकर्ता कमिशन	५०,१९७	१७,२६१	२१,३२०	९,०२६	२१,८७०	२२,४३७	२३,०२०
१०	पूनर्बीमा कमिशन खर्च	४८४	२३०	१६८	१७	१९५	२२५	२६२
११	सेवा शूल्क (खुद)	३,६५६	४,३५९	३,९१५	१,८१३	७,२५४	८,४०४	१२,१२५
१२	अन्य प्रत्यक्ष खर्च	–	–	–	–	–	–	–
१३	व्यवस्थापन खर्च	७८,२३३	८८,६०९	१०५,८३८	५८,१५४	११६,४२२	१२८,५४८	१४२,२४२
१४	आर्थिक बर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था	६९,५३६	५२,२५१	५५,५८७	५५,६०६	६०,३६४	७१,०५२	१५०,९०५
	आर्थिक बर्षको अन्त्यमा असमाप्त जोखिम वापत व्यवस्था	१८२,७७४	२१७,९४६	१९५,७५०	२३३,५६१	३६२,६७२	४२०,१६०	६०६,२७५
१५	**जम्मा व्यय (ख)**	**६१५,०६०**	**५७५,७१७**	**५४८,२१६**	**४६९,३५९**	**७५६,९८१**	**९३६,८९७**	**१,२६१,०८३**
	नाफा नोक्सान हिसाबमा सारेको बचत/(नोक्सान) = (क) - (ख)	**८१,२००**	**२१२,८१३**	**२५७,६८५**	**२८,६३७**	**३८६,९९४**	**५२०,६२३**	**६८५,१३०**

कम्पनीको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवर्थ) देहाय बमोजिम रहेको छ ।

नेटवर्थ सम्बन्धी विवरण रु. हजारमा

विवरण	वास्तविक				प्रक्षेपित		
	२०७१/०७२	२०७२/०७३	२०७३/०७४	२०७४ पौष मसान्तसम्ममा	२०७४/०७५	२०७५/०७६	२०७६/०७७
चुक्ता पूंजी	२९३,८११	३२९,०७३	५७७,५२४	६८८,४०८	१,००५,०७६	१,००५,०७६	१,००५,०७६
साधारण जगेडा कोष	८१,९३१	१०४,०००	१४६,८८६	५०,७४४	३६,८४८	४०,८६३	३८,४००
बीमा कोष	१७३,४६०	२४८,१४६	३३०,५२४	३४६,९९५	४६७,४५४	६३८,४८१	८६३,८७८
महा-विपत्ती जगेडा	२२,१४५	३७,०८२	५३,५५७	५५,२८७	६७,३५९	८५,६२४	१०८,८५६
अपलेखन गर्न बांकी स्थगन खर्च	–						
नाफा नोक्सान हिसाव	–	–	–	–	–	–	–
जम्मा नेट वर्थ	**५७१,३४७**	**७१८,३०१**	**१,१०८,४९१**	**१,१४१,४३४**	**१,५७६,७३७**	**१,७७०,०४४**	**२,०१६,२९०**
शेयर सख्या (000)	**२,९३८**	**३,२९१**	**५,७७५**	**६,८८४**	**१०,०५१**	**१०,०५१**	**१०,०५१**
प्रति शेयर नेट वर्थ	१९४।४७	२१८।२६	१९१।९५	१६५।८१	१५६।८७	१७६।११	२००।६०
प्रति शेयर आम्दनी (EPS)	३३।००	४५।००	२९।००	२०।००	३०।००	३४।०३	४४।८५
नेट वर्थमा प्रतिफल	१७%	२१%	१५%	३%	१६%	१९%	२२%
प्रति शेयर चुक्ता पूंजी	१००	१००	१००	१००	१००	१००	१००

नोटः
आ.व.२०७४।०७५को त्रैमासको प्रति शेयर आम्दानी वार्षिकिकरण गरी देखाइएको छ ।
** आ.व. २०७४।०७५ को पौष मसान्तसम्मको लेखापरीक्षकद्वारा प्रमाणित अपरिष्कृत वित्तिय विवरण अनुसार ।
***यस वित्तिय प्रक्षेपण कम्पनी स्वयंले तयार गरेको हो र विश्लेषण एस.के.दत्त एण्ड एसोसियट्स, चार्टर्ड एकाउण्टेण्ट श्री सुधिर कुमार दत्तले गर्नु भएको हो र यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको सो कम्पनीको उद्घोषण गरेको छ ।

ण. संगठित संस्थाले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरु :

क) नयाँ निर्जीवन बीमा कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
ख) अन्तराष्ट्रिय बजारको आर्थिक मन्दीको प्रत्यक्ष असर बीमा लगानीको क्षेत्रमा पर्न सक्ने भएकोले सोबाट हुने जोखिमहरु ।
ग) देशको राजनैतिक तथा आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
घ) नेपाल सरकारले वर्तमान बीमा सेवा नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरेमा सो बाट कम्पनीको आयमा असर पर्ने जोखिम ।
ङ) पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
च) कम्पनीको लगानी खराब भई हुन सक्ने जोखिमहरु ।
छ) भुकम्प लगायत प्राकृतिक प्रकोपबाट हुनसक्ने जोखिमहरु ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको धारणा :

आफ्नो व्यवसायिक तथा अन्य जोखिमहरुबाट सृजना हुनसक्ने हानी नोक्सानीको न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तनसँगै जनशक्ति विकासमा ध्यान पुऱ्याउने कम्पनीको नीति रहेको छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :

निष्कासन गरिएको शेयर मुल्य रु.१००/- प्रति शेयरका दरले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

त. हकप्रद शेयर खरीद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने मूख्य कुराहरु :

क) यस विवरण अनुसार जारी गरिने हकप्रद शेयर खरिदका लागि यस हकप्रद निष्काशन प्रयोजनको लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको शेयरको १ : ०.४६ को अनुपातमा (विद्यमान एक कित्ता शेयर बराबर नयाँ शून्य दशमलव चार छ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।
ख) प्रत्येक शेयरधनीले हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाण पत्र नम्बर वा डिम्याट नम्बर तथा आफुले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।
ग) आवेदकको पूरा नाम नेपाली तथा अंग्रेजी दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ । यदि कायम शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर रहेमा एउटै आवेदन फारम भरी दरखास्त दिन सक्नेछ ।
घ) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या बापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको दरखास्त फाराममा तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर समेत संलग्न गरी आवेदन दिनु पर्नेछ ।
ङ) संयुक्त नाममा रहेको साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
च) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।
छ) यस हकप्रद शेयर निष्काशन सम्बन्धी कुनै विवाद भएमा वा ऊजुरी परेमा सोको निवारणका लागि यस कम्पनीको संचालक समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।
ज) हकप्रद शेयर बाँडफाँड गर्दा जुन समूहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँड गरिनेछ ।
झ) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण सेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने व्यवस्था गरिने हुँदा नीजहरुले सेयर खरिदका लागि आवेदन दिंदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।
ट) कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको सेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको सेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

थ. पछिल्लो ३ बर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्युनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रू.)	शेयर कारोबार संख्या हजारमा
२०७१/०७२	६३७	३४५	३५०	१५६.९१
२०७२/०७३	१७८०	३३४	१४७०	१४२४.५७
२०७३/०७४	१९०६	६८४	१०८५	१६७८.४३

आर्थिक वर्ष २०७३/७४को पछिल्लो ३ महिनामा भएको शेयर कारोवारको विवरण

महिना	अधिकतम शेयर मूल्य (रू.)	न्युनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रू.)	शेयर कारोबार संख्या हजारमा
फागुन	८००	६१०	७७१	१०२.८४
चैत	६८५	४८३	६६३	२२१.९८
बैशाख	८२५	६४०	७७६	२८९.७५

नोट :यस कम्पनीको शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्य सूची मार्फत प्राप्त गर्न सकिने छ ।

द. धितोपत्र बाँडफाँट सम्बन्धी व्यवस्था :

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" ले निर्धारित गरेको व्यवस्था अनुसार कम्पनीले आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँड गरी सम्बन्धित शेयरधनीहरुलाई बाँडफाँडपत्र र फिर्ता भुक्तानी दिने व्यवस्था गरि सोको सुचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । यसरी बाँडफाँड भए पश्चात नेपाल स्टक एक्सचञ्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधि भित्र बाँडफाँडमा परेका शेयरधनीहरुलाई हकप्रद शेयरको कित्ता निजहरुको हितग्राही खातामा सोझै जम्मा गरिनेछ ।

ध. शेयर सूचिकरण गराउने सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्काशन गरिने हकप्रद शेयरहरु साविक शेयरधनीहरुलाई बाँडफाँट गरे पश्चात नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन निर्देशिकामा भएको व्यवस्था अनुसार हकप्रद शेयर वितरण गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडतथा सिडिएसिमा दर्ता गराई धितोपत्रको कारोवार तथा राफसाफको कारवाही अगाडि बढाउने कार्य गर्नेछ ।

न. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यबस्था अनुसार साविकका शेयरधनीहरुले आफ्नो हक आंशिक वा पूर्ण रुपमा अन्य व्यक्तिलाई हस्तान्तरण गर्न पाइनेछ । यसरी आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा भएको देहायका व्यवस्था अनुसार उक्त नियमावलीको अनुसूची–११ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।
(क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,
(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोवार इकाई अनुसार हुने,
(ग) संगठित सस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको हुनुपर्ने,
(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको ।
(ङ) मनोनयन गरिने व्यक्ति वा संस्था प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,
(च) मनोनयन गरिने व्यक्ति वा संस्था प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको ।
(छ) हकप्रद सेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पूरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने,
(ज) मनोनयनका लागि निवेदन दिंदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

प. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

क) पूंजी बृद्धिगरी कम्पनीको प्रतिशपर्धात्मक क्षमताको विकास गर्न र दायित्व निर्वाह गर्न अझ सक्षम हुन ।
ख) विद्यमान बीमा कम्पनीहरुको प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गरी भावी चुनौतिहरुको सामना गर्न ।
ग) दीगो व्यवसायिक संरचना निर्माण लगायत बीमा समितिले तोकेको नाफामुलक पूँजीगत क्षेत्रमा उचित लगानी गर्न ।
घ) पूंजीगत संरचनामा बृद्धि हुनकासाथै लगानी क्षमतामा समेत बृद्धि गरी वित्तीय स्थिति अरु मजबुत हुन ।
ङ) कम्पनीको पूँजीगत क्षमता सुदृढ गर्न ।
च) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।
छ) कम्पनीले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।

फ. हकप्रद निष्काशनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

हकप्रद शेयर निष्काशनबाट प्राप्त रकम निम्न बमोजिमका शिर्षकहरुमा उपयोग गरिनेछ ।

विवरण	रकम (रु.)
शाखा कार्यालय विस्तार	६०,००,०००।००
प्रविधि तथा सेवा विस्तार	८०,००,०००।००
स्थिर सम्पत्ती खरिद	५,००,००,०००।००
लगानी	१२,६६,६७,७६३।००
बीमा समितिको निर्देशिका बमोजिम थोरै जोखिममा उच्चतम प्रतिफल आउने गरि गरिने लगानी	१२,६०,००,०००।००
जम्मा	**३१,६६,६७,७६३।००**

ब. निष्काशन बैंक (बैंकर टु द ईस्यु) को नाम तथा ठेगाना :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि देहायका बैंकहरुलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

सि.नं.	बैंकको नाम तथा ठेगाना	खाता नम्बर
१	श्री प्रभु बैंक लिमिटेड, कमलादी, काठमाण्डौं ।	१३५११६००६३१८१६००००४
२	श्री सिभिल बैंक, कमलादी,काठमाण्डौं ।	००२१०००३६३७१६८
३	श्री प्राइम कमर्सियल बैंक, कमलपोखरी, काठमाण्डौं ।	००१०५२६८ CA

यस हकप्रद शेयरको लागि निष्काशन तथा बिक्रि प्रबन्धकले निष्काशन बैंक (Banker to the Issue) थप गर्नु परेमा तीन दिन अगाडि बोर्डलाई जानकारी गराई थप गर्न सक्नेछ ।

भ. हकप्रद शेयर विक्री खुल्ला अवधि :

यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि दरखास्त दिने म्याद हकप्रद शेयर निष्काशन तथा विक्री खुल्ला भएको मितिले कम्तिमा ३५ दिन हुनेछ । सो समयावधिभित्र सम्पूर्ण हकप्रद शेयरका लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुप बढीमा थप १५ (पन्ध्र) दिनका लागि दरखास्त खुल्ला राख्न सकिनेछ ।

म. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

क्रं .सं.	स्थानहरु
१.	प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं ।
२.	श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त आस्वा (ASBA) सेवामा सहभगी बैंक तथा वित्तिय संस्थाहरु ।

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फारम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवदेन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौको नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्ट साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँडमा समावेश गरिनेछ । शेयर विक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिने छैन ।

धितोपत्र निष्काशनको क्रममा बोर्डबाटस्वीकृत भएको विवरण सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (soft copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।यस्तो "हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु"लगानीकर्ताहरुले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुचित निर्णय (informed decision) मा पुग्न सहज गर्ने उद्देश्यले निष्कासन तथा विक्री प्रबन्धकको website :www.prabhucapital.com तथा निष्कासन कम्पनीको website: www.prabhuinsurance.com मा समेत राख्ने व्यवस्था गरिनेछ । साथै दरखास्त फारामको हकमा निष्काशनकर्ता कम्पनी र निष्काशन तथा बिक्रि प्रबन्धकको वेभ साइटबाट डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । साथै शेयरधनीहरुले आफ्नो हक सम्बन्धि विवरण निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्रि प्रबन्कको वेबसाईटबाट हेर्न सक्ने व्यवस्था मिलाईनेछ ।

य. क्रेडिट रेटिङ्ग सम्बन्धि व्यवस्था :

क्रेडिट रेटिङ्ग नियमावली, २०६८ बमोजिम नेपालको स्विकृत प्राप्त क्रेडिट रेटिङ्ग एजेन्सी केयर रेटिङ्ग नेपाल लिमिटेडले यस कम्पनीको १: ०.४६ अनुपातको हकप्रद शेयर निष्कासनको लागि औसत आधारहरु (Average Fundamentals) जनाउने "[CARE-NP] IPO Grade 3" रेटिङ्ग प्राप्त भएको छ । केयर रेटिङ्ग नेपालले १ देखि ५ स्केलमा ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधार जनाउँछ । ग्रेड २,३,४ मा प्रदान गरिने + plus) चिन्हले त्यस समूहका तुलानात्मक सकरात्मक स्थितिलाई जनाउँदछ । क्रेडिट रेटिङ्ग एजेन्सी केयर रेटिङ्ग नेपाल लिमिटेडले यस कम्पनीको क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण मिति २०७४/१०/१५ गते प्रदान गरिएको छ ।

र. संचालक तथा आधारभूत शेयरधनीले हकप्रद शेयर बापतको रकम जम्मा गरेको सम्बन्धमा

यस इन्स्योरेन्सको सञ्चालक तथा आधारभूत शेयरधनीले शतप्रतिशत रकम रु. १६,७१,४१,४९२/-(अक्षरेपी सोह्र करोड एकहत्तर लाख एकचालिस हजार चार सय बयानन्ब्बे रुपैयाँ मात्र) भुक्तानी गरिएको व्यहोरा अवगत गराउँदछौं ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्रि प्रबन्धक श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।



दरखास्त फारमको नमूना

हकप्रद शेयरको बिक्री खुल्ला अवधि :
निष्काशन खुल्ला मिति : २०७५/०३/०८ गते
निष्काशन बन्द हु मिति : २०७५/०४/१० गत (बैकिङ्ग समय पश्चात)

प्रति साधारण शेयर रु.१००/- अंकित दरको ३१,६६,६७७.६३ कित्ता हकप्रद शेयरहरुको निष्काशन

कम्पनी ऐन २०६३ तथा बीमा ऐन २०४९ अन्तर्गत संस्थापित
प्रभु इन्स्योरेन्स लिमिटेड
केन्द्रीय कार्यालय : तीनकुने, काठमाण्डौं नेपाल, फोन नं.: ५१९९२२०, ५१९९२२६, फ्याक्स नं. :५१९९२४७
Email :info@prabhuinsurance.com, URL:www.prabhuinsurance.com

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

संस्थापक ☐
सर्वसाधारण ☐

को

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

मार्फत: प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोन नं. ४२२२९३९, ४२२२९८७, फ्याक्स:४२२२८०२
E-mail:inf @prabhucapital.com, Web: www.prabhucapital.com
(A Subsidiary of Prabhu Bank Limited)

सि.नं. :
कोड नं.:
शेयरधनी नं./परिचय नं.
हितग्राही खाता नं. DP ID / Client ID

श्री संचालक समिति,
प्रभु इन्स्योरेन्स लिमिटेड,
तिनकुने, काठमाडौं, नेपाल

महाशय,

त्यस इन्स्योरेन्स कम्पनीबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार भौतिक र अभौतिक शेयर गरी जम्मा....................कित्ता शेयर कायम रहेको र कम्पनीले जारी गरेको एक शेयर बराबर शुन्य दशमलव चार छ शेयर (१ : ०.४६) को अनुपातमा ....कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेको तथा हक हस्तान्तरण भै आएको (भौतिक/अभौतिक).................... कित्ता गरि जम्मा......................कित्ता हकप्रद शेयर खरिद गर्न ईच्छा भएकोले प्रति शेयर रु. १००/- का दरले हुन आउने रकमको भौचर/ड्राफ्ट संलग्न गरि तल उल्लेखित विवरण सहित यो निवेदन पेश गरेको छु/छौं ।

विवरण	भौतिक कित्ता (प्रमाण-पत्र रहेको हकमा)	अभौतिक कित्ता (हितग्राही खातामा रहेको हकमा)	जम्मा शेयर कित्ता
साविक कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
हक हस्तान्तरणबाट प्राप्त भएको हक बराबर लिन चाहेको शेयर कित्ता			
जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता			

हक हस्तान्तरण गरिदिनेको शेयरधनीको शेयरधनी नं./हितग्राही नं.	DP ID	Client ID	शेयरधनी नं.
प्रति शेयर रु. १००/- ले बुझाएको रकम	रु.	अक्षरमा	
दरखास्त बुझाएको मिति	२०७५/ /	रसिद/भौचर नं.	
चेक खिचिएको बैंकको नाम		चेक नं.	
रकम बुझाएको बैंक कम्पनीको नाम		ठेगाना	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक					
	In English	Mr./Mrs./ Miss/Minor					
ठेगाना	घर नं./वडा नं.		टोल		गा.पा./न.पा.	जिल्ला	
Address	House No./Ward No.		Tole		RM/Municipality	District	
सम्पर्क ठेगाना							
PAN No.		Phone No.		Mobile No.			
ना.प्र.प.नं./जारी स्थान		Email ID					
बाबुको नाम							
Father's Name							
बाजेको नाम							
Grandfather's Name							
पति/पत्नीको नाम							
संरक्षकको नाम (नाबालक भएमा)							
Guardian's Name (Incase of Minor)							

यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको वर्खिलाप हुने गरी आर्जन गरेको होइन । साथै मैले/हामीले यस दरखास्त फाराममा खुलाईको विवरण साँचो हो । झुठा ठहरिएमा प्रचलित कानुन बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ ।
द्रष्टव्य :१. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय नं./हितग्राही खाता नं. अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DP ID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ ।
३. रित पुर्वक नभरिएको दरखास्त फाराम हकप्रद शेयर बाँडफाँटमा समावेश गरिने छैन साथै चेक भुक्तान नभएमा फारम स्वतः रद्द हुनेछ ।
४. आफ्नो हक हस्तान्तरण, (renounce) गर्न चाहनु हुने शेयरधनीहरुले धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि ११ को ढाँचा बमोजिमको निवेदनमा हक हस्तान्तरण गरिदिनेको दस्तखत प्रमाणित गरि दरखास्त फाराम साथ संलग्न गर्नु पर्नेछ ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्कोले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फतः प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोन नं. ४२२२९३९, ४२२२९८७, फ्याक्स:४२२२८०२
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com
(A Subsidiary of Prabhu Bank Limited)

हकप्रद शेयर खरिद रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.:
शेयरधनी नं./परिचय नं.

Shareholder's Name					
Company's Name	PRABHU INSURANCE LIMITED				
No. of Shares Applied		Call Money per Share	Rs. 100	Amount Deposited (Rs)	
Amount in Words					

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

For Official Use Only:
Received by:
Stamp
Date :
Code No.

चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।
DP ID
Client ID

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोन नं. ४२२२९३९, ४२२२९८७, फ्याक्स:४२२२८०२
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com
(A Subsidiary of Prabhu Bank Limited.)

मिति २०७५/०२/२१ गते अभियान राष्ट्रिय दैनिकमा प्रकाशित ।